बैठक - ४६

आज मिति २०७६/१०/०३ गते साझ ५ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राधेश्याम चौधरी | अध्यक्ष | |
| २. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | |
| ३. | भेषनारायण चौधरी | सदस्य | |
| ४. | शम्भु प्रसाद चौधरी | सदस्य | |
| ५. | अणेन्द्रनाथ राय | सदस्य | |
| ६. | छोटेलाल यादव | सदस्य | — |
| ७. | दिनेश सहानी | " | |
| ८. | कैलास यादव | " | |
| ९. | हयात खाँ धुनिया | " | |
| १०. | छिमादेबी चौधरी | " | — |
| ११. | चन्दादेवी चौधरी | " | |
| १२. | जन्त्री केवटिन | " | जन्त्री |
| १३. | विन्दादेवी धोवी | " | — |
| १४. | जोखु प्रसाद कहार | " | |
| १५. | श्री सुनिता हरिजन | " | सुनिता |
| १६. | श्री झविश्वर रेग्मी | " | |
| १७. | नारायण पाण्डेय | आमन्त्रित | — |
| १८. | तुल्सी प्रसादं अधिकारी | " | — |
| १९. | नरेश कोहार | " | |
| २०. | राजन वस्याल | " | |
| २१. | टंकनाथ ज्ञवाली | " | |
| २२. | सुर्यनारायण यादव | गा.पा. वडाध्यक्ष -४ | |
| २३. | देवीकान्त वस्याल | आमन्त्रित | |
| २४. | | | |

## प्रस्तावहरु

प्रस्ताव नं. १ - छात्रवृत्तीकोष स्थापना गर्ने सम्वन्धमा

प्रस्ताव नं. २ - प्रमुख प्रशासकिय अधिकृतको विदाई समारोह सम्वन्धमा

प्रस्ताव नं. ३ - करार कर्मचारीको विमा सम्वन्धमा

प्रस्ताव नं. ४ - आर्थिक सहयोग सम्वन्धमा

## निर्णयहरु

**निर्णय नं. १** - प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गाउपलिकाभित्र रहेका विपन्न एवं जेहेन्दार छात्रछात्राहरुको लागी छात्रवृत्ती प्रदान गर्नका लागी सरावल गाउकार्यपालिकामा एक छात्रवृत्तीकोष स्थापना गर्ने एवं सोको सञ्चालन एवं व्यवस्थापन गर्नका निमित्त आवश्यक कार्यविधि वनाउने निर्णय गरियो ।

**निर्णय नं. २** - प्रस्ताव नं. २ उपर छलफल गर्दा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठ्माण्डौको पत्रवमोजिम सरावल गाउपालिकामा प्रमुख प्रशासकिय अधिकृत झविश्वर रेग्मीको कालिगण्डकी नगरपालिका स्याङ्जामा सरुवा हुनुभएकोले उहाले यस गाउपालिकामा रहदाको समयमा गर्नुभएको कार्यको उच्च मुल्यांकन गरी विशेष धन्यवाद सहित निजलाई रु ५१,१११ अक्षरुपी रु एकाउन्न हजार एक सय एघार रुपैया पुरस्कार प्रदान गरी विदाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** - प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस सरावल गाउँपालिका कार्यालयमा कार्यालयमा करार सम्झौतामार्फत कार्यरत कर्मचारीहरुको लागी नागरिक लगानिकोषमा नियमानुसार जिवन विमा गर्ने साथै विमाको लागी आवश्यक रकममध्ये रु.४०० कर्मचारी स्वयंको तर्फवाट र त्यत्तिनै रकम वरावर कार्यालयवाट वेहोर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ४** - प्रस्ताव न. ४ उपर छलफल गर्दा सरावल गाउपालिका वार्ड नं. ५ को कार्यालयमा योजनाको कार्य गर्दा सरावल-५ फुलवरिया वस्ने सुरेन्द्र राजभरको दुर्घटनावस टाउकोमा चोट लागी घाईते हुन पुगेकोमा निजको उपचारको लागी सहयोगको माग गरेको र सोको सम्वन्धमा वडा नं. ५ को वडा कार्यक्रमको उपयुक्त शिर्षकवाट खर्च हुने गरी रु २५,००० दिने गरी वडा समितिको निर्णय एवं सिफारिस भई आएकोले उक्त रकम निजलाई भुक्तानी दिने निर्णय गरियो ।